# मिसन न्यूज

www.missionenews.com

MISSION News National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-३ | अंक-२६ | २०७५ माघ २ गते बुधबार | 16 January 2019 Wednesday | मूल्य रू. १०/-

कुनै पनि तवरको अन्धविश्वासमा नलागौँ । रोग लागेमा स्वास्थ्य केन्द्र जाने बानी बसालौँ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## पुरानै भवनमा स्थानीय सरकार

**मिसन न्यूज**

**कालिकोट**-निर्वाचन भएको दुई वर्ष वित्लै लाग्यो । तर, स्थानीय तह पुरानै शैलीमा संचालन भईरहेका छन् । जिल्लाका ९ स्थानीय तहको सानोतिनो काम स्थानीय तहमा गरिए पनि ठुलो कारोबार सदरमुकाममै हुने गरेको छ । जिल्लामा स्थानीय सरकार चुनिएको स्थानीयले सामान्य महशुस मात्र गरेका छन् ।

एक वर्षसम्म सदरमुकाम केन्द्रित स्थानीय तह पुरानै संरचनामा सिमित देखिएको नागरिकहरुको गुनासो छ । एक वर्ष बित्दा पनि स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीले झोलामै कार्यालय संचालन गरिरहेका छन् । अधिकांस स्थानीय नागरिकहरु स्थानीय सरकारबाट असन्तुष्ट भएका छन् । नयाँ जनप्रतिनिधि र नयाँ संरचनाले पुरानो शैलीको गतिविधि गर्दा नागरिकलाई झन मर्का परेको नागरिक समाज कालिकोटका संयोजक कालिबहादुर मल्लले बताए । 'गाउँमा न कर्मचारी भेटिन्छन् नत जनप्रतिधिनिधि नै । स्थानीय सरकार नामको मात्र छ । स्थानीय सरकारका मालिक सदरमुकाम छोड्दैनन् ।' पलाँता गाउँपालिका थिर्पुका रमेशकुमार बमले भने, 'गाउँमा बैंक छैन भन्छन् कहिले



थिर्पुमा रहेको पलाँता गाउँपालिकाको कार्यालय ।

बैंक आउने हो त्यो पनि अत्तोपत्तो छैन् ।' विकास निर्माणदेखि स्थानीय सरकारबाट सर्वसाधारणले पाउनुपर्ने सेवासुविधा सहज रुपमा पाउन सकेका छैनन् । जिल्लास्तरका अधिकांश विषयगत कार्यालय स्थानीयतहमा स्थापना हुन नसक्दा सेवाग्राही समस्यामा परेका छन् । स्थानीय तह झोले कार्यालयमै सिमित हुँदा स्थानीयलाई निकै समस्या आइलागेको छ । स्थानीय तहका अधिकांस कार्यालय भाडाका घरमा बसेका छन् । गाउँको र सदरमुकाम गरी दोहोरो भाडामा स्थानीय तह रहेका छन् । अधिकांस गाउँपालिका निजि घरमा भाडा तिरेर बसेका छन् । नगरपालिका र गाउँपालिकाको आफ्नै भवन छैनन् । गाउँपालिकाको भवन नहुँदा भाडाको

बाँकी ८ पृष्ठमा.....

## पलाँतामा घुम्ती शिवीर

**मिसन न्यूज**

**कालीकोट** - जिल्लाको पलाता गाउँपालिकामा शनिवारदेखि निशुल्क घुम्ति शिवीर सुरु गरिएको छ । जिल्ला प्रशासन कार्यालय कालिकोटको आयोजना तथा जिल्ला प्रहरी कार्यालयको संयोजनमा पलाता गाउँपालिकाको सहयोगमा शिवीरको आयोजना गरिएको हो । पहिलो पटक स्थानीय तहमा सुरु भएको शिवीरमा सेवा लिने सेवाग्राहीको घुइचो लागेको छ । शिवीरमा स्वास्थ्य परिक्षण, नागरिकता, मतदाता नामावली, व्यवसाय दर्ता, बन, आयुर्वेद चिकित्सा सहित परामर्शका साथै निशूल्क औषधी वितरणको सुबिधा पनि दिइएको छ । कालीकोटको पलाता गाउँपालिकाका स्थानीय नागरिकको सहजताका लागि शिवीरको आयोजना गरिएको हो । गाउँमै विभिन्न सेवा लिन पाएपछि दुर्गम ग्रामिण क्षेत्रका बासिन्दालाई राहत मिलेको पलाता गाउँपालिकाका स्थानीय नागरिक पूर्णसिंह बमले बताए ।

ग्रामिण क्षेत्रका केही मानिस आर्थिक अवस्थाका कारणले सदरमुकाम जान नसक्ने अवस्थाका भएकाले गाउँमै विभिन्न सेवा पाएपछि खुसी भएको उनले बताए । मान्म सदरमुकाममा पाउने सवै सेवा गाउँमै पाएकोमा स्थानीय नागरिकले खुसी महपुस गरेका छन् । कमजोर आर्थिक अवस्था, गरिबी र भौगोलिक बिकटताका कारण सहरमा पुगेर स्वास्थ्य, नागरिकता, मतदाता नामावली बनाउन नसकेका दुर्गम ग्रामिण क्षेत्रका बासिन्दाको सुबिधाका लागि शिवीर सञ्चालन गरिएको पलाता गाउँपालीकाका अध्यक्ष लक्षमणबहादुर बमले बताए । घुम्ती शिविरबाट २३७ जनाले नागरिकता बनाएका छन् । गाउँपालिका अध्यक्ष बमले भने 'आर्थिक अभावले सदरमुकाम मान्म आउन नसकेका, उमेरले नेटो काटिसकेका तथा १६ वर्ष उमेर पूरा गरेका युवायुवतीले गाउँमा शिविर सञ्चालनपछि


बाँकी ८ पृष्ठमा.....

## भेडाबाख्रा पाल्ने किसानलाई मासिक भत्ता

**मिसन न्यूज**

**कालीकोट**-पचालझरना गाउँपालिकाले भेडाबाख्रा पालन गर्ने किसानलाई मासिक भत्ता दिने निर्णय गरेको छ । न्युनतम ६० वटा भेडाबाख्रा पालन गर्ने किसानलाई मासिक भत्ता दिने निर्णय गरेको हो । निर्णयअनुसार ६० वटा पालन गर्नेलाई मासिक एक हजार र १०० वटा भन्दा माथि पाल्ने किसालाई मासिक दुई हजार रुपैयाँका दरले भत्ता प्रदान गर्ने गाउँपालिकाको तेस्रो गाउँसभाले निर्णय गरेको गाउँपालिकाका अध्यक्ष खड्गराज सेजुवालले जानकारी दिए ।

'किसानलाई पशुपालन व्यवसायमा आकर्षित गर्न भत्ताको व्यवस्था गरिएको



पचालझरना गाउँपालिकाको सार्वजनिक सुनुवाई कार्यक्रममा बोल्दै गाउँपालिका अध्यक्ष ।

हो,' उनले भने, 'यसले बेरोजगार युवालाई पशुपालन गर्न आकर्षित गर्नेछ ।' किसानलाई प्राहोत्सान गर्नका लागि पशुपालन नीति तय गरिएको बताइएको छ । पशुपालन गर्न चाहने किसानहरुलाई सहुलियतमा ऋण दिने र विपन्न परिवारलाई रोजगार दिलाउन अनुदान व्यवस्था गरिने गाउँपालिकाका अध्यक्ष सेजुवालको भनाइ छ ।

# नागरिकको गनगन

डा. सरोज धिताल

जनताका निम्ति सरकार भनेको धेरै थोक हो । आफ्ना गुनासा पोख्ने थलो पनि हो । 'ऐय्या, दुख्यो', 'यो पुगेन', 'यो भएन', भनेर जनताले कराउने ठाउँ नै सरकार हो । जनताले यति भन्ने स्वतन्त्रता पाउने पनि लोकतन्त्रमा मात्रै त हो । साँच्चै सुसंस्कारयुक्त मानिस र तिनका पार्टीको सरकार बनेको छ भने त्यसले जनताका यस्ता असन्तुष्टिलाई इन्धनका रूपमा ग्रहण गर्छ र राज्यसंयन्त्ररूपी बाहनलाई सही दिशामा चलाउन ऊर्जाका रूपमा कृतज्ञतापूर्वक सदुपयोग गर्छ । तर जब सरकार नै नागरिकका बारे गुनासो पोख्न थाल्छ, कतै केही ठूलै गडबड छ भन्ने अनुमान हुन्छ ।

अहिले त्यस्तै भइरहेको छ । विभिन्न मन्त्रीलगायत राज्यका महत्वपूर्ण कर्ताहरूका अभिव्यक्ति सुन्दा जनतासँगको दूरी टाढिँदै गएको अनुभूति हुन्छ । 'यी कस्ता बुद्धिजीवी, हामीले गर्न खोजेका राम्रा काममा जहिले पनि किन बाधा तेर्स्याउँछने ? 'सँगै यी कस्ता पत्रकार, हामीले गरेका राम्रा काम किन देख्दैनन् ?, किन जेमा पनि खोट नै देख्छन् ?सँगै यी कस्ता नागरिक, समृद्धितर्फको हाम्रो महान् यात्रालाई किन बुझ्दैनन् ? यी कस्ता जनता, किन विकासका विरोधी भएका ?- यस्ता अर्थ लाग्ने अभिव्यक्ति जब लोकतान्त्रिक पद्धतिबाट भारी बहुमत जितेर बनेको सरकारका प्रतिनिधिबाट आउन थाल्छन्, लोकतन्त्र, राष्ट्रिय सुरक्षा, विकास, केहीका निम्ति पनि त्यो शुभसंकेत हुँदैन । सरकारमा भए जति सबै 'खत्तम' छन् भन्ने पक्कै हैन । केही अपवादबाहेक सरकारमा भएका अधिकांश मानिसको जीवनका सकारात्मक पाटा प्रशस्त छन् । तीमध्ये धेरैले आफ्नो जीवनकालको महत्वपूर्ण घडीमा ठूलै योगदान दिएका छन् । दुःख कष्ट खपेका छन् । 'ती खराबै हुन्, तिनको नियत नै खोटो छ, देशको कुभलो गर्नै भनेर तिनले राजनीति गरेका हुन्' भन्न कदापि मिल्दैन । तर जनताका आवश्यकता, जनताका आकांक्षा र जनताका असन्तुष्टिलाई सही ढंगले सम्बोधन गर्ने कुरामा यतिबेला जुन अदक्षता, कमजोर श्रवणशक्ति, प्राथमिकताको नित्तान्त अभाव आदि देखिन्छ, त्यसले भने गहिराइमा धेरै समस्या छन् कि भन्ने अनुमान गर्न कर लाग्छ ।

भ्रष्टाचार र अनियमितताका विभिन्न काण्डमा जनताले आशा गरेका केही 'नायक' हरूकै नाम जोडिन थालेको देख्दा सत्ताधारीहरूको पंक्तिभित्र अत्यन्त द्रुत गतिमा मूल्यरमान्यताको स्खलन हुन थालेको अनुमान हुन्छ । आफ्ना प्राथमिकतालाई खुट्टयाउनै नसकेझैँ बजारिया 'रमाइलो मेला'का झिलिमिली बाट आकर्षित भएर 'समृद्धि'का नाममा जस्तोसुकै जोखिमपूर्ण काममा पनि हात हाल्ने आतुरता देख्दा भने सत्ताधारी क्लबभित्र भयङ्कर लयविच्छिन्नता र बेहोशी पो छ कि भन्ने अनुमान गर्नुपर्ने हुन्छ । भित्री, बाहिरी अवाञ्छित तत्वहरूको प्रभावमा पो छन् कि भन्ने शङ्का उब्जन थाल्छ । इतिहासमा यस्ता कथा प्रशस्त छन् जहाँ लामो र भीषण क्रान्तिबाट सत्तामा पुगेपछि क्रान्तिकारी हरू अल्मलिएका छन् र नयाँ अस्थिरता निम्त्याएका छन् । हाम्रा सत्ताधारी पनि कुनै न कुनै बेलामा कुनै न कुनैरूपमा भूमिगत र सशस्त्र आन्दोलनमा रहेका क्रान्तिकारी हुन् । तर यीमध्ये कोही पनि सत्ताको अनुभव नै नभएका 'कोरा' भने छैनन् । यीमध्ये धेरैसँग कम्तीमा एकदशकको सत्ता अनुभव छ । कसैले त तीन चार दशकको सत्ता अनुभव गरिसकेका छन् । सत्तासँग जोडिएका विभिन्न किसिमका भित्री/बाहिरी जटिलताको सामना गरिसकेका छन्। दुई ठूला पार्टी मिलेर यति ठूलो पार्टी बनेको छ । हिजोका अन्य विरोधीले समेत साथ दिएका छन् । प्रमुख प्रतिपक्षीले खासै ठूलो चुनौती अझै दिइरहेको छैन । तर पनि यो अलमल, प्राथमिकतालाई एकातिर पन्छाएर खोजीखोजी भीर खोज्दै हिँडेजस्तो बेहोशी, सरकार र सत्तासीन पाटीभित्र लयविहीनता, आफ्ना निधार्रित शास्त्रीय तथा व्यावहारिक जनपक्षीय दिशाबाट विचलन, विस्तारै बढ्दै गएको मौरीको भुन्भुन जस्तो जनताका आवाजप्रति श्रवणविहीनता आदि किन देखिइरहेका ?

गोविन्द केसी पक्कै पनि यिनका मतदाता नहोलान् तर जनताका स्वास्थ्य अधिकार र चिकित्सा शिक्षाबारे उनले उठाएका सवाल कम्युनिस्टपार्टीको दिशा र लक्ष्यलाई नै समर्थन गर्नेखालका थिए र छन् । आफ्नो मतदाता नभए तापनि आफ्नै घोषित समाजवादी लक्ष्यप्रति सहयोगी भएकामा कृतज्ञतापूर्वक उनको आन्दोलनमा साथ दिनुको सट्टा समृद्धिका नाममा छाडा बजारको दास हुन खोजेजस्तो किन देखिएका ? सुरक्षाको बेहाल कति छ भन्ने कुरा त्रासद निर्मलाकाण्डले मुटु चिमोट्ने गरी हरेक पल सम्झाइरहेको छ । त्यति प्रचारित नभएका अपहरण, हत्या, बलात्कारका घटना त कति होलान्, कति? सुरक्षाको सवाल प्राथमिकतामा पर्ने कुरा हैन र ? यी सवाल उठाउनेबित्तिकै सत्ता आक्रोशित हुन्छ, दिक्क मान्छ, अनि उल्टै प्रश्नकर्तामाथि रिस पोख्न थाल्छ भने सरकारको, सत्तासीन पार्टीको स्वास्थ्य ठीक छैन भन्ने नै अर्थ लाग्छ। आफूलाई क्रान्तिकारी, जनउत्तरदायी, प्रगतिशील, सामाजिक न्यायको पक्षधर र लोकतान्त्रिक ठान्ने सरकारका निम्ती तत्काल गर्नैपर्ने अत्यावश्यक कामको विशाल पहाड नै छ, कतै खोज्न जानुपर्दैन । यस्तो बेलामा पनि किन आफू अनावश्यक झमेलामा फस्ने? देशका निम्ती विभिन्न किसिमका जोखिम बढ्ने काममा किन बढी आकर्षण हुन्छ हाम्रा मन्त्रीहरूको ? अहिले विस्तारै चर्चामा आउन थालेको 'पारमाणविक विधेयक'लाई जुनसुकै खोल ओढाइए तापनि, नेपालमा पारमाणविक अनुसन्धान भट्टीहरू निर्माण गर्ने, रेडियोधर्मी पदार्थको उत्पादन गर्ने, निर्यात गर्ने र नेपालको भूमि हुँदै ओसारपसारसमेत गर्नका निम्ती बाटो खोल्ने काम गर्न लागेको देखिन्छ । चिकित्सकीय आवश्यकतासँग मात्रै हैन, राष्ट्रको समृद्धि यात्रासँग समेत जोडेर यसको बचाउ गर्न खोजिएको छ। यसको आवश्यकता अहिले किन पर्‍यो भनेर नागरिकले सोध्न पाइँदैन ? खाली आँखाले देख्न सक्ने हराएको तेत्तीस किलो सुनको ठेगान लगाउन सक्ने क्षमता छैन हाम्रो । केही न्यानोग्रामले समेत विभिन्न प्रभाव पार्नसक्ने रेडियोधर्मी पदार्थको ओसारपसार, आयात, निर्यात आदिको व्यवस्थापन र अनुगमन क्षमता हुन्छ ? पारो (मर्क्युरी)को प्रदूषणसँग जुझ्न नसकिरहेको अवस्थामा रेडिएसन प्रदूषणसँग जुझ्न कति गाह्रो होला? चिकित्सकीय आवश्यकताको कुरामा टेकेर देशलाई नाभिकीय बनाउने कुरा गरिँदैछ ।

तर कति हो हाम्रो आवश्यकता ? त्यसका निम्ती 'अनुसन्धान' भट्टी नै चाहिइसकेको हो? अनुसन्धान भट्टीका खतरा ठूला भट्टीको तुलनामा सानो होला तर हाम्रा निम्ती त्यो 'सानो' खतरा पनि केही पुस्तासम्मैका लागि भयाबह दुस्वप्न हुनसक्छ । हो, खास खास बेलामा सरकार साँच्चै साहसी हुन सक्नुपर्छ । तर केमा देखाउने साहस भनेर विचार गर्न पनि त सक्नुपर्छ नि ! साहस नै देखाउने हो भने सत्तासीन पार्टीकै घोषित लक्ष्य प्राप्त गर्न सघाउने र राष्ट्रिय आवश्यकताका धेरै ठाउँले साँच्चैको साहस खोजिरहेका छन् । अब आयात हुने गाडीहरू बिजुली गाडी नै हुनुपर्ने वा कम्तीमा पनि बिजुली गाडीहरूले भारी सहुलियत पाउने, पुराना भइसकेका पेट्रोल, डिजेल गाडीहरूलाई समेत बिजुली गाडीमा रूपान्तरण गरेर चलाउने पाइने, अनि देशमै बिजुली गाडी उत्पादन गर्ने कारखानाका निम्ती सरकारले सघाउने जस्ता काममा सरकार तत्काल लाग्न सक्दैन । आधुनिक हुनुपर्छ तर आधुनिक हुने नाउँमा अस्पष्ट स्वार्थ भएका बाहिरियाबाट प्रभावित हुनुहुँदैन, व्यवहार, अनुशासन, मूल्य/मान्यतामा असन्तुलन र स्खलन आउन दिनुहुँदैन । जनताको आवाज सुन्दा सत्तालाई जहिले पनि भलो हुन्छ, जनताको आवाजदेखि तर्सिने र दिक्क हुने हुनुहुँदैन । बलियो पार्टी पनि असफलतामा टुंगिने हुन्छ ।

नागरिकबाट

## साताको भाग्यफल

**मेष** : प्रारम्भमा खर्च बढ्ने हुँदा धेरै रकम जोहो गर्नुपर्ला । थैलीको मुख बलियो नहुँदा धनमाल हराउन सक्छ ।

**वृष** : सञ्चित कर्मको प्रतिफल प्राप्त हुनेछ । आम्दानीले विभिन्न आवश्यकता पूरा हुनेछन् ।

**मिथुन** : दिगो काम प्रारम्भ हुनेछ । मिहिनेतले सफलताको उचाइमा पुर्याउन सक्छ । तारिफयोग्य काम गर्दै लोकप्रियता हासिल गर्न सकिनेछ ।

**कर्कट** : समयको महत्त्व बुझ्नेहरूलाई भाग्यले राम्रो साथ दिनेछ । धर्मकर्म तथा सेवामूलक काममा प्रवृत्त भइनेछ । कर्मक्षेत्र सबल रहनेछ ।

**सिंह** : प्रारम्भमा कमजोर शरीर लिएर कठिन काममा जुट्नुपर्ला । अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपर्दा केही चुनौती पनि देखिनेछन् ।

**कन्या** : प्रबल इच्छाशक्तिले प्रारम्भमा लक्ष्यनजिक पुर्याउनेछ । प्रियजनसँग भेटघाट हुनेछ भने रमाइलो यात्रा गर्ने अवसर जुट्न सक्छ ।

**तुला** : मिहिनेतले अवसर दिलाउनेछ भने प्रतिद्वन्द्वीहरू पछि पर्नेछन् । रोकिएका काम बन्नाले आम्दानी बढ्नेछ । खर्च लागे पनि दिगो फाइदा हुने काम प्रारम्भ होला ।

**वृश्चिक**: अध्ययनमा प्रगति हुनेछ । सेवामूलक कामबाट धनलाभ हुनेछ । शुभचिन्तकहरूले साथ दिनेछन् । बुद्धिको उपयोगले लक्ष्यमा पुग्न सकिनेछ ।

**धनु** : प्रारम्भमा काम बिग्रने चिन्ताले सताउन सक्छ । आफन्तजन टाढिनाले एक्लोपनाको अनुभूति हुनेछ । मंगलवारदेखि स्थितिमा सुधार आउन सक्छ ।

**मकर** : सुरुमा पुरुषार्थी काम गर्दै लोकप्रियता हासिल गर्ने समय छ । अग्रज तथा सहयोगीहरूले राम्रो साथ दिनेछन् ।

**कुम्भ** : प्रारम्भमा बोलीको प्रभावले विशेष अवसर दिलाउनेछ । वादविवादमा अघि नसर्नुहोला, सम्पादित कामबाट राम्रै लाभ हुनेछ ।


**मीन** : प्रारम्भमा स्वास्थ्य कमजोर देखिए पनि व्यक्तित्व निखार्ने अवसर जुट्नेछ । इच्छाशक्ति बढ्नाले महत्त्वाकांक्षी काम सुरु हुनेछ ।

# छाउमुक्त गाउँ नै 'छुईगोठ' युक्त

शुभाकर विश्वकर्मा

जुम्ला - जिल्लामा विभिन्न संघ सस्थाले छुईगोठ मुक्त गरेको दावी गरेपनि गाउँ बस्तिमा छुई हुँदा छाउ गोठमै बस्ने चलन छ । केही संघसंस्थाको लहडमा हचुवाको भरमा छाउगोठ मुक्त गाँउ घोषणा गरिएपनि गाँउमा छुई मान्ने चलन भने कायमै छ। छाउ हुँदा घरभित्र बस्यो भने देविदेवताले सराप्छन् भन्ने मान्यता अहिले पनि कायमै छ। जुम्लाका आठ स्थानिय तहमा रहेका २ सय १८ गाउँ बस्ती मध्ये हालसम्म १७ बस्ती छुई गोठ मुक्त घोषणा भइसकेका छन्। कार्यक्रम घोषणामै सिमित भएको स्थानिय बताउछन् ।

'कागजमा छाउगोठ मुक्त गाँउ बनाईए पनि गाँउबस्तीहरु अहिलेपनि छुईयुक्त छन् ।' एक स्थानियले भने । १७ बस्ति मध्ये पर्छ तातोपानी गाउँपालिका ४ मा पर्ने जयतपुर । तातोपानी कै ५ नम्बर वडा नै छुईगोठ मुक्त भएको छ । तर ब्रहामण र दलित बस्ति रहेको पाँच नम्बर वडाको पनि हातल उस्तै छ । ६ महिना अघि छाउगोठ मुक्त गाँउ घोषणा भएको जयतपुरमा अहिले पनि छाउगोठ जस्ताको तस्तै छ । जयतपुरकी हाँशु



छाउगोठबाट निस्कँदै, हाकुँकी एक महिला ।

कामी महिनावारी अर्थात छाउ हुँदा पाँच दिनसम्म अलगै बस्ने गरेकी बताउ छिन् । सोही गाँउकी गोरी रोकायाको पनि समस्या उस्तै छ, गाउँ छुई गोठ मुक्त भएको १ /२ महिना करले घरमा बसेपनि अहिले भने पनि छाउ हुँदा पाँच दिनसम्म गोठमै बस्ने बताउछिन् । उनिजस्तै गाँउका सयौ महिला तथा किशोरीहरु छाउ हुँदा घरमा बस्दैनन् । छाउगोठ मुक्त गाँउ हियाखोलाकी देविकन्या आचार्य गाँउमा छाउप्रथा विरुद्ध कार्यक्रम जति संचालन गरेपनि नागरिकको सोचाईमा परिवर्तन आउन नसकेको बताउँछिन्। 'छाउ हुँदा घरमा बसे आफन्तले घृणा गर्छन्, गोठमा बसे डर त्रास छ' ६ नम्बर वडाकी वडा महिला सदस्य समेत रहेकी उनले भनिन् । जिल्लामा जातियताको आधारमा कतिपय ब्राहमण बस्तीका महिलाहरु अहिलेपनि छाउहुँदा सात दिनसम्म घरभित्र भान्सा छुँदैनन् । 'संघसंस्था गाँउमा आँउदा छाउ मान्दैनौ भन्छौ, तर समाजमा छाउ मान्नै पर्छ' सिंजाकी कविता उपाध्यायले भनिन्, 'गाँउमा छाउ मान्नेको संख्या धेरै छ, एक दुई जनाले नमान्दैमा आफै अप्ठ्यारोमा परिन्छ ।' पातारासीको किशोरी बिमला बुढाले चिसोले छाउगोठमा बस्दा सकस भइरहेको बताईन्। संघ सस्थाका लगानी

**बालुवामा पानी**

छाउप्रथा विरुद्ध अभियानका नाममा जिल्लाका सरकारी तथा गैर सरकारी निकायबाट खर्च भएको अरबौ रकम बालुवामा पानी खन्याए भैं भएको छ। जिल्लामा यस्ता अभियान संचालन गर्ने दर्जनौ संघ संस्था छन् । तर छाउगोठ मुक्त गाँउ घोषणा र कार्यक्रमले समाजमा विद्यमान कुसंस्कार र रुढिबादी मान्यता हटेको छैन । त्यो संघ सस्थाका

बाँकी ४ पृष्ठमा..

सम्पुर्णमा हाम्रो अनुरोध

जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं ।

खानेपानी सरसफाइ तथा सव–डिभिजन कार्यालय कालीकोट

मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौँ ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुवाऔँ ।
– पशुपन्क्षी बध गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔँ ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔँ ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔँ ।

खाँडाचक्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

प्रकोप र महामारी सम्बन्धमा

नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।

सान्नी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
कालिकोट

सम्पुर्णमा हाम्रो अनुरोध

नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

तिलागुफा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

## छाउमुक्त गाउँ नै......................................

डकुमेन्टमा मात्र सिमित छ । महिला अधिकारकर्मी लक्ष्मीकन्या बुढाले भनिन्, 'जबसम्म सबै नागरिक सक्षम हुँदैनन् तबसम्म समाजमा जरो गाडेर बसेको छाउप्रथा अन्त्य हुन संभव छैन ।' अन्धविश्वाससँग विभिन्न डर, भय जोडेर गलत परम्परा समाजले बलियो पारेको उनको भनाई छ । **स्थानीय तहको समन्वय आवश्यक**-यस्ता प्रकारका सामाजिक कुरिती अन्त्य गर्नका लागि स्थानीय तह सक्रिय रुपमा लग्नु पर्ने सरोकारवाला बताउछन् । छाउप्रथा मान्ने जो सुकैलाई कानुनी उपचार गर्ने सरकारका निति तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गराउनु पर्नेमा उनीहरुको जोड छ । तर कार्यान्वयन नहुँदा छाउगोठमै बसेर चिसो र फोहोरका कारण जुम्लाका हजारौ महिलाको पाठेघर खसेको छ । 'अहिले मान्छे सचेत हुँदैछन्, परिवर्तन विस्तारै हुन्छ' सर्वोदय नेपालका छाउगोठ मुक्त अभियान्ता कमलराज खत्रिले भने, 'हाम्रो अभियान जारी छ, देखिने गरी नतिजा आउन समय लाग्छ ।' आफ्ना छोरीचेली छाँउ हुँदा घरभित्र बस्ने वातावरण मिलाउन तातोपानी गाँउपालिका उपाअध्यक्ष गंगादेवि उपाध्यायको आग्रह छ । 'छाउगोठमा बसेकै कारण महिलाहरु बलात्कारदेखि हत्याको सिकार हनु परेको छ, जिवजन्तुको डर उत्तिकै छ' उनले भनिन्, 'आफ्ना छोरीचेली घरमै सुरक्षित नभए अन्त कँहा होलान्, यसमा पालिका गम्भिर छ ।' छुईप्रथालाई समाजबाट मुक्त गर्ने अभियानमा जिल्लाका सबै जनप्रतिनिधि जुटेका छन् । तर छाउप्रथा न्युनिकरण गर्न धामीझाक्री र देविदेवता मान्ने धार्मिक आस्थावान व्यक्ति मुख्य चुनौतिको रुपमा खडा भएका छन् ।

**पचालझरनाको सन्देश**

घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं ।
रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।

पचालझरना गाउँपालिका
कालिकोट

**प्रकोप र महामारी सम्बन्धमा**

नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।

खाँडाचक्र नगरपालिका
कालिकोट

व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं ।

तिलागुफा नगरपालिकाको कार्यालय
कालिकोट

# स्वास्थ्य

## नियमित रूपमा बन्दागोभी खानुका यी छन् फाइदा



बन्दागोभीलाई हरियो तरकारीको राजा भन्दा पनि हुन्छ । हाम्रो भान्छामा बन्ने तरकारी होस् वा अन्य खानेकुरामा बन्दागोभीको प्रयोग गर्ने गरिन्छ । बन्दागोभीलाई सलाददेखि विभिन्न तरिकाले खाने गरिन्छ । बन्दा खान जति स्वादिलो छ, स्वास्थ्यको हिसाबले पनि बन्दा त्योभन्दा बढी फाइदाजनक छ । बन्दागोभीमा प्रशस्त मात्रामा फाइबर, बिटाक्यारोटिन, भिटामिन बी, ए, भिटामिन के, ई, मिनरल्स, सल्फर तथा आइरन पाइन्छ । यी तत्त्वहरू मानव स्वास्थ्यका लागि आवश्यक खनिज तत्त्व हुन् । त्यसैले बन्दागोभीको नियमित सेवन गर्नु स्वास्थ्यका लागि फाइदाजनक हुन्छ ।

**नियमित बन्दागोभी खानुका फाइदा**

-नियमित बन्दागोभीको सेवनले स्तन क्यान्सर, प्रोस्टेट क्यान्सरका पेटमा अल्सर तथा क्यान्सर हुनबाट बचाउँछ
-( बन्दागोभीमा क्लोरिन, सल्फर, मिनरल्स प्रशस्त हुने भएकाले यसको नियमित सेवनले पेटसम्बन्धी समस्याहरू ग्यास्ट्रिक, कब्जियत तथा अल्सर जस्ता समस्याबाट छुटकारा पाउन सकिन्छ ।
- नियमित रूपमा बन्दागोभीको जुसको सेवनले मोटोपन घटाउन सहयोग गर्छ
- बन्दागोभीमा प्रशस्त मात्रामा फ्लोरिक एसिड हुने भएकाले नियमित रूपमा बन्दागोभीको सेवनले एनिमिया तथा शरीरमा रगतको कमी हुने समस्याबाट जोगाउँछ ।
-नियमित रूपमा बन्दागोभीको सेवनले छालासम्बन्धी समस्याबाट छुटकारा पाउन सकिन्छ । बन्दागोभीको नियमित सेवनले छाला गोरो बनाउनुका साथै नरम र आकर्षकसमेत बनाउँछ ।
-बन्दागोभीमा प्रशस्त मात्रामा भिटामिन ए हुने भएकाले आँखाको ज्योति राम्रो बनाउनुका साथै आँखासम्बन्धी विभिन्न समस्याहरूबाट छुटकारा पनि दिन्छ ।
-बन्दागोभीको नियमित सेवनले शरीरमा रोग प्रतिरोधात्मक क्षमता बढाउँछ ।

## वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

### वन डढेलो रोकथाम गर्ने उपायहरु:-

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।
२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।
३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।
४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

### वन डढेलो नियन्त्रण गर्ने उपायहरु:-

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।
२) नियन्त्रण गर्न नसकिने डढेलोलाई प्रति अग्नी विधी (Conter Fire Method )
अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।
३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दाते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

डिभिजन वन कार्यालय
कालिकोट

# कर्णाली करिडोरको आधा काम सकियो

**मिसन न्यूज**

**कालिकोट -** कर्णाली करिडोर निर्माण कार्यले तीव्रता पाएको छ । राष्ट्रिय गौरवको आयोजनाका रूपमा लिइएको 'नर्थ साउथ ग्रोथ एक्सिस' कर्णाली करिडोरको निर्माण कार्यलाई सेनाले द्रुत गतिमा अघि बढाएको छ । एक सय ९६ किलोमिटर लामो करिडोरमध्ये नेपाली सेना र सडक विभागले ९४ किलोमिटर सडक निर्माण गरिसकेको छ । कालिकोटमा ४०, बाजुरामा ४३ र हुम्लामा एक सय १३ किलो मिटर दूरी छ ।

जसमा ५१ किलोमिटर सडक विभागको र एक सय ४५ किलोमिटर सेनाको भागमा छ । २०५७ सालमा नेपाल सरकारका तत्कालीन उपप्रधानमन्त्री रामचन्द्र पौडेलले करिडोर शिलान्यास गरेका थिए । कालिकोटको खुलालुदेखि हुम्ला सिमिकोटसम्म एक सय ९६ किलोमिटर सडकखण्डले १५ वर्षसम्म पनि गति लिन सकेको थिएन । त्यसपछि स्थानीयको मागअनुसार चार वर्षअघि यसको काम सेनाले पाएको हो । २०७२ चैत ९ गते जिम्मा पाएको सेनाले कडा चट्टान फुटाउँदै चार वर्षमै ७८ किलोमिटर सडकमा गाडी गुडाइसकेको छ । सेनाको कर्णाली करिडोर निर्माण कार्यदलअनुसार कालिकोट खण्डको ४० मध्ये ३८.५, बाजुरा खण्डको ४४ मध्ये ४३.५ किलोमिटर सडकमा गाडी गुड्न थालेका छन् । कालिकोटको लालिघाट गाउँपालिकाको सीमामा रहेको घाटा चौरसम्मको ३० किलोमिटर सडकमा रारा कर्णाली यातायात समितिका जिप चलिरहेका छन् । नेपाली सेनाका दुई ट्रक पनि कालिकोट खण्डदेखि बाजुरासम्मको ७८ किलोमिटर सडकमा गुडिरहेका छन् ।



कर्णाली करिडोरअन्तर्गत कालिकोटको लालिघाट खुलालुमा काम गर्दै नेपालीसेना ।

बजारदेखि बाजुराको हिमाली गाउँपालिकाको लेवडीसम्म सडक बनिसकेको छ । यस्तै हुम्ला खण्डको ६१ मध्ये १२ किलोमिटर सडक निर्माण भइसकेको कार्यदल प्रमुख मेजर मिलन कार्कीले जनाए । चालु आर्थिक वर्षको असार मसान्तसम्म हुम्लाको सीमासम्म गाडी पुर्‍याउने लक्ष्य राखिएको उनले सुनाए । लालिघाटदेखि पलाँता

करिडोर निर्माण सम्पन्न भए हिल्सा-जमुनाहसम्म उत्तरदक्षिण जोड्ने सबैभन्दा छोटो दूरीको सडक बन्नेछ । पाँच सय ३० किलोमिटर उत्तर-दक्षिण दूरी रहेको करिडोर निर्माणपछि कर्णालीको मुहार फेरिने अपेक्षा गरिएको छ । जिविस कालिकोटले ७० लाख, सडक विभागले २३ करोड ६२ लाख, ड्रिल्प परियोजनाले १४ करोड ६३ लाख र शान्ति मन्त्रालयको ५ करोड रकम सेनाले सडकको जिम्मा नलिनु अगावै खर्च भएको थियो । ५५ करोड लागतमा कालिकोटको ४० किलोमिटर सडकखण्ड मात्रै निर्माण भएको बताइएको छ । सडक विभागलाई परामर्शदाताहरूले दुई अर्ब ८४ करोड ११ लाखमा ०७१र०७२ बन्ने सुझाव दिएका थिए । सेनाको स्थलगत अध्ययनले पनि यति नै लागत अनुमान गरेको छ। गत आवसम्म ८४ करोड खर्च भइसकेको छ। चालु आर्थिक वर्षमा २० करोड बजेट विनियोजन भएको कार्यदलले जनाएको छ। कार्यदल प्रमुख कार्कीका अनुसार सेनाले जिम्मा लिएको सडकमध्ये निर्माण बाँकी सडकलाई ७५ करोड बजेट आवश्यक छ । यसवर्ष ३७ करोड बजेट माग गरे पनि २० करोड मात्रै पाएको सेनाले बताएको छ । सेनाले लक्ष्यभन्दा निकै मिहेनतका साथ काम गरिरहेको रास्कोट नगरपालिका प्रमुख काँशीचन्द्र बरालले बताए । 'ठेकेदारले जिम्मा लिएको भए, अहिलेसम्म सडक पनि देख्न पाइँदैनथ्यो', उनले भने, 'तर सेनाले इमानदारिताका साथ काम गरिरहेको छ ।

**मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध**

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुआैं ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउा र नखुवाऔं ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

**नरहरिनाथ गाउँपालिका**
**कालिकोट**

**स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई**

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गन अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

प्रमुख प्रशासकीय अधिकृत
**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार**
**सिंचाइ गरौं, उत्पादन बढाऔं । सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं,गरिबी न्यूनिकरण गरौं ।**

**रास्कोट नगरपालिकाको कार्यालय, कालिकोट**

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ । तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।

**पचाल झरना गाउँपालिकाको कार्यालय**
**कालिकोट**

## अन्तराष्ट्रिय न्युज

### 'विवाद समाधानका लागि आधार तयार'



**बेइजिङ** -बेइजिङमा अमेरिकी प्रतिनिधि मण्डलसँग भएको व्यापार वार्ताले व्यापार विवाद समाधानका लागि आधार तय गरेको चीनले बिहीबार जनाएको छ। लामो समयदेसखि जारी व्यापार विवादबारे वार्ता गर्न अमेरिकी प्रतिनिधिमण्डल चीन आएको थियो। निधार्रित समयभन्दा एक दिन बढी लम्बिएको व्यापार वार्ता समापन गरेर अमेरिकी वार्ता टोली अमेरिकाका लागि प्रस्थान गरिसकेको छ। अर्जेन्टिनाको राजधानी ब्युनस आयर्समा गत डिसेम्बर १ मा सम्पन्न भएको विश्वका २० शक्तिशाली अर्थतन्त्रको समूह 'जी-ट्वान्टी'को सम्मेलनका अवसरमा अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्प र चिनियाँ राष्ट्रपति सी चिनफिङबीच ९० दिन व्यापार विवादलाई नबढाउने र समस्या समाधान प्रयास गर्ने सहमति भएपछि त्यसैलाई पछ्याउँदै अमेरिकी प्रतिनिधिमण्डल चीन आएको थियो। सो सहमतिमा दुवै पक्षले ९० दिनसम्म दुवै देशका सामानमा कर (ट्यारिफ) नलगाउने विषयसमेत उल्लेख भएको थियो। बुधबार समापन भएको अमेरिका-चीनबीचको वार्तामा दुवै पक्षले आगामी मार्चपूर्व व्यापार विवाद अन्त्य गर्न सम्झौता गर्ने र थप करवृद्धि (ट्यारिफ)लाई रोक्ने विषयमा सहमति गरेसँगै नयाँ आशा पलाएको अर्थविद्हरुले बताएका छन्। बुधबारको सम्झौतासँगै सोही दिन नै विश्व शेयर बजारमा वृद्धि देखिएको थियो। यद्यपि एसियाली स्टक बजारमा भने बिहीबार गिरावट देखिएको छ। 'तीन दिनसम्म चेलको वार्तामा चीन र अमेरिकी वार्ता टोलीले 'सविस्तार गहिराइमा पुगेर र सावधानीपूर्व' विचारहरूको आदानप्रदान गरेका छन्। जसले आपसी समझदारीलाई बढाएको छ र आपसी चासोका विषयलाई समाधान गर्नका लागि आधार तयार बनेको छ,' चिनियाँ वाणिज्य मन्त्रालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ।

## ज्ञानमाला

१) संयुक्त राष्ट्र संघको स्थापना कहिले भयो ?

-सन् १९४५ अक्टुवर २४

२) संयुक्त राष्ट्र संघको सूची अनुसार भूपरिवेष्ठित राष्ट्रको सूचीमा कति राष्ट्र छन् ?

-३१

३) Structural Adjustment Programmed (SAP) कार्यक्रम सञ्चालन गर्ने संस्था कुन हो ?

-विश्व वैंक

४) संयुक्त राष्ट्रसंघद्वारा सन् १९७४ लाई कुन वर्षको रूपमा मनाइयो ?

-विश्व जनसंख्या वर्ष

५) अर्न्तराष्ट्रिय न्यायालयको प्रधान कार्यालय कहाँ छ ?

-हेग

६) संयुक्त राष्ट्र संघको सूचीमा अल्प विकसित समूहमा कति राष्ट्र छन् ?

-४८

७) संयुक्त राष्ट्रसंघका महासचीवले भाग लिन नपाउने संयुक्त राष्ट्र संघको अंग कुन हो ?

-अन्तर्राष्ट्रिय न्यायालय

८) विश्व हुलाक संघ (Universal Postal Union) को नेपालले कहिले सदस्यता प्राप्त गऱ्यो ?

-वि.सं. २०१३

१०) संयुक्त राष्ट्रसंघको झण्डा कहिलेदेखि प्रचलनमा ल्याइयो ?

-सन् १९४७ अक्टोवर २० देखि

११) संयुक्त राष्ट्रसंघ अन्तर्गत आर्थिक तथा सामाजिक परिषद् (ECOSOC) को क्षेत्रीय कार्यालय कतिवटा छन् ?

-५ वटा

१२) संयुक्त राष्ट्रसंघको बजेट निर्धारण गर्ने काम कसको हो ?

-महासभा

१३) नेपालको कला तथा संस्कृतिको संरक्षणमा सबैभन्दा बढी योगदान पुऱ्याएको अर्न्तराष्ट्रिय संस्था कुन हो ?

-UNESCO

१४) नेपालले कहिले सुरक्षा परिषदमा रही विश्वमा शान्ति स्थापनामा सहयोग पुऱ्याएको थियो ?

-सन् १९६९(७० मा र पुनः १९८८/८९

१५) बंगलादेशले ग्ल्इ को कहिले सदस्यता प्राप्त गऱ्यो ?

सन् १९७४(९(१७


रास्कोट नगरपालिकाको सन्देश

घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं।
रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं।

रास्कोट नगरपालिका कार्यालय
कालिकोट

एक घर एक करेसावारीको स्थापना गरौं।
स्वच्छ र ताजा तरकारीको सेवन गरौं॥

पचाल झरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, कालिकोट

सम्पुर्णमा हाम्रो अनुरोध

गाउँपालिकालाई पुर्ण सरसफाइ गाउँपालिका घोषणा गर्नु पर्ने अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट


## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

मिसन न्यूज राष्ट्रिय साप्ताहिक

# धामीले नै पठाउँछन् अस्पताल

विष्णप्रसाद न्यौपाने

**कालिकोट** - पलाँता-१ का गोरख बुढा स्थानीय मष्टो देवताका मुख्य धामी हुन् । रुघाखोकीदेखि अन्य रोग लाग्दा छरछिमेकी झारफुक गर्न उनीकहाँ आउँथे। तर, उनीकहाँ 'हेराउन' आउनेहरू अस्पताल जान थालेका छन् । धामीले नै 'अस्पताल जानू' भन्न थालेपछि स्थानीय अचम्ममा पर्दै आएका छन् । आफूलाई विश्वास गरेर आउने बिरामीको मन-शान्तिका लागि 'हेर्ने' गरेको उनको भनाइ छ । तर, अस्पताल नगई सञ्चो नहुने भन्दै उनले स्वास्थ्य संस्था पठाउँछन् । उनी पनि बिरामी हुँदा उपचारका लागि स्वास्थ्य संस्था जान थालेका छन् । 'पहिले मकहाँ आउने सबै बिरामीलाई काँपेर हेराउने गर्थें', उनले भने, 'कतिलाई सञ्चो भएको आभास हुन्थ्यो तर कतिपय सञ्चो हुन्थेनन् । अहिले हेराउन आउनेलाई झारफुक त गर्छु । तर, छिट्टै सञ्चो भो भने खर्च नगर्नू, सुधार आउने लक्षण नदेखिए अस्पताल जानू भन्ने गरेको छु ।' सामान्य बिरामी भए मात्र केही समय कुर्न लगाउने र जटिल देखिए अस्पताल पठाउने गरेको उनको भनाइ छ । पलाँता-९, थिर्पुमा आयोजित एकीकृत घुम्ती शिविरमा उनी पनि



कालिकोटमा धामीको स्वास्थ्य परीक्षण गर्दै प्रहरीका डाक्टर ।

उपचार गर्न आए । पहिलो पटक धामी नै उपचार गर्न शिविरमा देखेपछि अन्य स्थानीयले पनि स्वास्थ्य परीक्षण गराए । प्रहरी अस्पताल महाराजगन्जबाट आएको विशेषज्ञ सम्मिलित टोलीले सेवा दिएको छ । 'देवताले रोग निको पार्न नसक्ने रहेछन्', बुढाले भने, 'हिजो अरूका रोग निको हुन्छ भन्थें तर बुझ्केको रहेनछु । आज आफ्नै समस्या लिएर डाक्टरकहाँ आएको छु, निको हुन्छ भन्ने विश्वास पनि छ ।' कर्णालीका विकट क्षेत्रका नागरिक बिरामी हुँदा धामीको शरणमै जाने गरेका छन् । केही धामीले आफैं सञ्चो हुन्छ भन्ने गरे पनि केहीले भने सञ्चो हुने आश्वासन दिएर अस्पताल पठाउँछन् । बाजुरा गोत्रीका नरेन्द्रबहादुर शाहीले देउताको भर पर्दा धेरैले ज्यान गुमाउनुपरेको देखेर अस्पतालको उपचार सेवाप्रति लागेको बताए । कालिका माईका पुजारी उनी पनि शिविरमा उपचारका लागि आएका थिए । 'धेरैलाई काँपेरै निको पारेको अनुभूति हुन्थ्यो तर आफूलाई रोगले च्याप्दा भने निको पार्न सकिएन', उनले भने, 'बुझ्दै जाँदा रोगले धामी नभन्ने रहेछ ।' केही वर्षदेखि अस्पतालकै सेवा लिइरहँदा आफूलाई कुनै समस्या नभएको उनले सुनाए । आँखा नदेख्ने, शरीर दुख्ने

बाँकी ८ पृष्ठमा..


## सान्नी त्रिवेणीको अनुरोध

मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधैं सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।

सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय
कालिकोट

## जनहितका लागि जारी सन्देश

घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं । रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।

महावै गाउँपालिका
गाउँ कार्यपालिकोको कार्यालय
कालिकोट

## स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.साबुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

खाँडाचक्र नगरपालिकाको कार्यालय
कालिकोट

## पलाँताको सन्देश

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं । खेती योग्य बाझाँ जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौं, गराऔं ।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट

## पुरानै भवनमा स्थानीय ........

घरमा बस्नुपर्ने बाध्यता भएको पचालझरना गाउँपालिका अध्यक्ष खड्गराज सेजुवालले बताए । निमित्त प्रशासकीय अधिकृत छक्कबहादुर शाहीले भने, 'भाडाँकै घर पनि बल्लतल्ल भेटियो । गाउँमा बैंक नभएका कारण सदरमुकाममा आर्थिक कारोबार गर्नु पर्छ ।' तर वल्ल तल्ल एक बैंक ल्याएर सहज भएको शाहीले बताए । जिल्लाको सदरमुकामा रहेको खाँडाचक्र नगरपालिकाको कार्यालय पनि भाडामा सिमिति छ । सदरमुकाममा रहेको नगरपालिकाको हालत हेर्दा अन्य कार्यालय झनै समस्यामा रहेका छन् । स्थानीय तहका प्रमुख उपप्रमुखलगायत कर्मचारीको लागि ठाउँ नहुँदा विषयगत कार्यालय झोलामै सिमित हुने गरेका छन् । जिल्लाकै पुरानो खाँडाचक्र नगरपालिकामा समेत सबै विषयगत कार्यालय स्थापित भएका छैनन । झोलामै कार्यालय बोक्नु परेको नगर प्रमुख जसीप्रसाद पाण्डेले सुनाए । कतिपय स्थानीय तहमा विषयगत कार्यालयका कर्मचारी जान सकेका छैनन् भने गएका ठाउँमा बस्ने ठाउँ नहुँदा हाजिर मात्रै लगाउने काम हुने गरेको कर्मचारी बताउँछन् । भौगोलिक कठिनाई, गाउँमा बैंक तथा वित्तिय संस्था नहुनुले पनि स्थानीय तह सदरमुका केन्द्रित भएको जिल्ला समन्वय समितिका सदस्य नेत्रराज शाहीले बताए । गाउँमा सिंहदरबार भनिएपनि अहिलेसम्म गाउँपालिका प्रमुखले राम्रो सेवा नदिएको नरहरिनाथका सुमन बिष्टले बताए । जिल्ला सदरमुकाममै कागजी कार्य र कर्मचारी व्यवस्थापनमा अलमल रहेका कारण ३ नगर र ६ गाउँपालिकालेनयाँ काम अघि बढाउन सकेका छैनन् । आर्थिक वर्ष सुरु भएको एक बर्ष बित्नै लाग्दा समेत जिल्लाका स्थानीयतहले आवश्यक लक्ष्य अनुसार बजेट खर्च गर्न सकेका छैनन् ।

ग्रामीण भेगमा सडक सञ्जाल जोड्ने कार्यमा अघि देखिएका नगर र गाउँपालिकाले नयाँ विकासे खाका समेत कोर्न सकेका छैनन् । 'सिंहदरबार गाउँमै आउँछ भनिएको थियो, होइन रहेछ, अझैसम्म सदरमुकामै धाउनुपर्छ,' पचालझरना-१ का नन्द विकले भने, 'काम कार्य सबै सदरमुकाममै भएपछि स्थानीय सरकार हुनुको के अर्थ रहयो र ?' आवश्यकता अनुसार सेवाप्रदान गर्न नसकिएको सान्नी त्रिवेणी गाउँपालिका प्रमुख डम्बरबहदुर शाहीले बताए । 'अधिकार दिइएको भनिएको छ तर, सबै काम सदरमुकामबाटै हुने गरेको छ,' उनले यो वर्ष नीति बनाउँदै जान्छौ, स्थानीय तहमा बैंक नहुँदा योजनाको र कर्मचारीको तलव निकासा गर्न सदरमुकाम जान बाध्य भएको थियो तर यो वर्ष वाट बैंक गएकोले सरल बेहोर्नु परेको छ ।' जिल्लास्थित विषयगत कार्यालय स्थानीयतहमाजान लागेका छन । विषयगत कार्यालयका कर्मचारी नजादा स्थानीयतहलाई योजना बनाउन समेत समस्या हुने गरेको छ । शिक्षा, स्वास्थ्य, पशु लगायत विषयगत कार्यालयका कर्मचारी स्थानीयतहमा गएकै छैनन । यसअघि साविकका गाविसमा रहेका सेवा केन्द्र, स्वास्थ्यचौकी प्रमुखलाई विषयगत कार्यालयको जिम्मा दिइएको छ । **वित्तिय संस्थालई नेपाल राष्ट्र बैंकको निर्देशन**

स्थानीय तहको निर्वाचन भएको लगतै नेपाल राष्ट्र बैंकले स्थानीय तहमा बैंक संचालन गर्न निर्देशन दिएको थियो । जिल्लामा राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, सानिमा बैंक, ग्लोबल आइएमी बैंक, एनआइसी यसिया बैंक, कृषि विकास बैंक लिमिटेड रहेका छन् । राष्ट्रिय बाणिज्य बैंक बाहेकका अन्य बैंकलाई स्थानीय तहमा कारोबार गर्न निर्देशन भए पनि कार्यान्वयनमा चुनौती देखिएको बैंकले बताएका छन् । रास्कोट नगरपालिकामा ग्लोबल आइएमी बैंकले शाखा व्यवस्थापन गरिएको छ । त्यस्तै सान्नी त्रिवेणी गाउँपालिकामा पनि सानिमा बैंकले कार्यालय व्यवस्थापन गरिरहेको छ । जिल्लाका विकट गाउँपालिकाकै केन्द्रमा पुग्न दुई दिनलाग्ने गरेको छ । भौगोलिक विकटतासंगै गाउँमा बैंकको सास्तीले गाउँमा सरकार आएको अनुभूतिहुन सकेको छैन् । राज्य संघिय संरचनामा गएपछी स्थानिय तहमा पहिलो अभ्यास भएकोले केही ढिलाई हुन लागेको जिल्ला समन्य समितिका प्रमुख अनिपाल शाहीले बताए ।

## धामीले नै पठाउँछन् ........

समस्या लिएर उनी छिमेकी जिल्लाको शिविरमा आइपुगेका हुन् । धामीमार्फत बिरामीलाई अस्पतालको पहुँचमा ल्याउन चेतनामूलक कार्यक्रम गरिँदै आएको छ । त्यस्ता कार्यक्रममा सहभागी धामीको मन्त्र नै 'रोग लागे अस्पताल जानू' बनेको छ । शाही र बुढा यस्तै कार्यक्रममा सहभागी भएपछि नै बिरामीलाई अस्पताल पठाउने गरेको उनीहरूको भनाइ छ । शनिबारदेखि दुई दिनसम्म भएको शिविर सदरमुकाम पुग्न नसक्ने बिरामीका लागि अवसर बनेको प्रमुख जिल्ला अधिकारी चन्द्रबहादुर कार्कीले बताए । 'यो शिविरबाट यहाँका नागरिक लाभान्वित भएका छन्', उनले भने, 'अधिकांश धामी नै उपचारका लागि आएको हुँदा अन्य नागरिक पनि बिरामी परेको खण्डमा अस्पताल आउने प्रवृत्ति स्थापित हुने देखिन्छ ।' शिविरमा १० सरकारी कार्यालयले एकैसाथ सेवाप्रवाह गरेका छन् । प्रहरीका अनुसार शिविरमा ३ सय ३७ जनालाई नागरिकता वितरण गरिएको, १ सय ९७ जनाको फोटोसहितको मतदाता नामावली दर्ता भएको र ५ सयसभन्दा बढीले उपचार सेवा लिए ।

## पलाँतामा घुम्ती ........

उत्साहपूर्वक सेवा लिएका छन् ।' यस्तै शिविरबाट १९७ जनाले फोटोसहितको मतदाता नामावली बनाएका छन् । भने उल्लेख्नीय मात्रामा स्थानीयले चिकित्सा सेवा पनि लिएको अध्यक्ष बमले जानकारी दिए ।

### 'भष्ट्राचार विरुद्धको सहकार्य:सुशासनको लागी अपरिहार्य'

कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको व्यक्तिले भष्ट्राचारगरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्याक्स गरी भ्रष्ट्राचार नियन्त्रण र सुशासन प्रबर्द्धनमा सहयोग पुर्याउन हुन अनुरोध छ ।

**सर्म्पक ठेगाना**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,सुर्खेत
फोन नं.०८३-५२५३७४,०८३-५२३१७८,०८३-५२१९६०
फ्याक्स नं. ०८३-५२३८८४
२४ सै घण्टा उपलब्ध हुने मोवाइल नं. ९८५८०५३४२२
ईमेल नं. ciaasurkhat@gmail.com

### बेस्ट कर्णाली मिडियाको नौलो धमका

बेस्ट कर्णाली मिडिया प्रालिद्वारा प्रेस काउन्सिल नेपालमा प्रदेश नम्बर ६ बाट प्रथम सुचिकरण भएको **www. missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ । साथै यस मिडियाद्वारा स्थायी प्रमाण-पत्र प्राप्त मिसन न्युज साप्ताहिक पत्रिका प्रकाशन भईरहेको छ । पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं ।

**हाम्रा विशेषताहरु**

- सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन् ।
- अनलाईन पत्रिका डिजाइन ।
- वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव ।
- वेव तथा अनलाईनका लागि होस्टीग ।
- स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन ।
- भिडियो डुकुमेन्ट्रीउत्पादन ।
- स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी ।

**फोन** : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३
**इमेल** : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com

बेस्ट कर्णाली मिडिया प्रालिद्वारा प्रकाशित
मिसन न्यूज
Mission News National Weekly
राष्ट्रिय साप्ताहिक
www.missionenews.com

**सम्पादक : पवित्र शाही, प्रवन्ध सम्पादक : निर्मला शाही, समाचारदाता : लिलाराज संज्याल, कार्यालय : खाँडाचक्र न.पा.-१ कालिकोट , फोन नं. – ०८७-४४०२४२,** ९८४८०४९४५५,९८६८३१५३५३ , **इमेल** : missionnewsp@gmail.com, bestkarnalimedia@gmail.com **मुद्रण: ईश्वर अफ्सेट प्रेस खाँडाचक्र-१, कालिकोट**